Circular No. 88/I.

To Belongs to Agam Sing Rai

The enclosed copy of the Sikkim Debt Law of 1910 is sent for your information and guidance.

सन १९१० साल मा बनिये को सिक्किम राज्य का ऋणी हुन को नकल यस का साथ मा तिमि हरु का जाहिरात र पालन गर्नो निमित्त पठाईदे छु ॥

[illegible]

Gangtok,
The 21st January 1911.

[signature]

# SIKKIM DEBT LAW 1910.

(Passed at the council meeting held on 7th November 1910).

—:0:—

I. The interest decreed on debts will be limited to Rs. 12/- per cent per annum.

II. The decree will not be more than double the original debt.

III. Land will not be sold in execution of a decree.

IV. (a) When a son, wife or brother or any relations inherits property from the deceased they shall be liable to pay the deceased's debt to the extent of the property inherited.

(b) A son shall be liable to liquidate the deceased father's debt if he is in a position to do so easily and provided the father had not been a lunatic, a debauche, drunkard or gambler and provided also that the son had not separated himself from his father during the latter's life time. But whether he should be made to pay the whole or part of a debt shall be at the discretion of the Court which will take into consideration the amount of the debt, the means and circumstances of the son or sons and then grant a decree for either the whole sum or a portion. When the deceased father has been known to be debauche, drunkard or gambler or one who has been engaged in risky speculation the sons shall not be held responsible for the debt of the father. But in the ordinary course of events e.g. when a father has died poor after having given an education to his son and fitted him for employment in a respectable position or a profitable profession, although the father may have left nothing to bequeath, yet the son must pay the father's debts if they do not exceed sum, which he could pay of by

devoting

devoting one-fifth of his income monthly for 5 or 6 months, If there be several sons and all are well to do they shall all be made to pay the debt.

(C) Only, sons and no other relatives be they daughter, wife, brother nephew or sister shall be held liable to liquidate the debts of the deceased in the manner above described unless they inherit some property from him and even in that case only to the value of the property inherited,

V. There shall be no imprisonment for debt; but the Court may commit to its own jail, a fraudulent male debtor of full age who can but will not pay. The maximum limit of imprisonment in such cases shall be three months and such prisoners will not be thereby absolved from paying their debts.

VI. A decree shall ordinarily become void, except as regards pending proceedings, at the end of three years.

VII, Subject to the following exceptions money and all property of a judgment debtor which he is himself competent to transfer, may be attached and sold in execution of a decree. The exceptions are as follows: —

(a) The necessary wearing apparel and bedding of the judgment debtor, his wife and children.

(b) The tools of an artisan, and when the judgment debtor is an agriculturist, his implements of husbandry, seed grain, one pair of plough bullocks up to two pairs, and the food grain required by his family up till the next harvest.

(c) The materials of kutcha houses and other buildings belonging to and occupied by an agriculturist.

(d)

(d) the nets and one boat of a fisherman and one cart and a pair of bullocks of a carter provided that the total property of the debtor is not worth more than one hundred rupees.

(e) the wages of a labourer or domestic servant.

(f) the stipends, gratuities, pensions salaries and allowances mentioned below :—

(1) Stipends and gratuities allowed to Military and Civil pensioners of Government and Political pensions shall not be attached.

(2) The salary of a public officer or of any servant of a mining company or a local authority can be attached to the extent of

(i) one-fifth of the salary, if the salary exceeds Rs. 10/- but not Rs. 50/- monthly,

(ii) one-forth of the salary, if the salary exceeds Rs. 50/- but does not exceeds Rs. 100/- monthly,

(iii) one-third of the salary, in all other cases when the salary exceeds Rs. 100/- monthly.

(3) The pay and allowance of persons to whom the Indian Articles of War apply shall not be attached.

(4) Any allowance declared by the Maharaja in Council to be exempt from liability to attachment or sale in execution of a decree, shall not be attached,

(5) Crops in the field or on the threshing floor to the extent of a quantity sufficient to cover the food of the debtor and his family for one year and seed for the next year shall not be attached. But if the decree is for rent due on a tenant's holding the whole crop of the holding may be attached.

# Procedure rules in money Suits.

—:o:—

(1) The suit should state clearly the sum claimed as principal and interest seperately and should be accompanied by such documents as bear on the claim.

(2) The Court should then issue summonses fixing a date within which parties can come with their witnesses.

(3) The Court should then hear evidence and pass order. If a decree is passed in favour of claimant it should state clearly the sum allowed as (1) principal (2) interest and (3) costs, if any, and time within which the decreed amount should be paid after which the property should be attached so far as is allowed by the Law.

(4) The attachment and sale order should be sent to the debtors land-lord (i.e. Kazi, Thikadar etc.) for execution or executed through the Police. If Court issuing such order is a land lord he may execute such order himself.

(5) If appeal has been filed the Appellate Court (whether the Political Officer or His Highness), may, if it so desires, issue an order staying execution of the decree pending hearing of appeal.

Sd/. C.A. Bell,
14/11/10
Political Officer in Sikkim

सिक्किम को ऋणी ऐन १५/१०.

( ७ वां नोभम्बर १५/१० साल मा बस्येका कौन्सिल मीटिंग मा मञ्जुरी भयो ).

——×O×——

१. ऋण बाबत डिग्री गर्दा सुद साल को सैकड़ा मा रू: १२) भन्दा बेशी हुदैन ।

२. डिग्री सांउ को दोब्बरी भन्दा बढ़ता पाउदैन ।

३. डिग्री जारी गर्दा जिमिन बेचनु पाउदैन ।

४. (क) छोरा, स्वास्नी, दाज्यु भाई अर्थात (अरु) कोही कुल कुटुम्ब ले मर्न्या बार धन सम्पत्ति को अधिकार पायेका छन भने तिनि हरु ले जति धन सम्पत्ति हाथ पारे का छन तेति सम्म मर्न्या को ऋण तिर्नु पर्छ ।

(ख) बाबु चै जंढाहा, पागल, बदमास, जुवारी थियेन र छोरा चैं बाबु जिउंदा हुंदा बाबु संग छुट्टियेका रहेनछ अनी त्यो छोरा ले मर्न्ये बाबु को ऋण सहजै तिर्नु सकने अवस्था छ भने, तिर्नु पर्ने छ, तर छोरा ले पुरै कि कति जति ऋण तिर्नु पर्ने हो यो कुरा अदालथ का खटन मा छ । अदालथ ले पनी ऋण कति छ, छोरा हरु को आमदनी र हालत कये छ बिचार गरेर कि ता पुरा कित तेस को कोही हिस्सा भाग्नी डिग्री दिने छ । मर्न्ये बाबु चैं बदमास जंढहे जुवारी र पैसा फुकने कारबार मा लागे को थियो रछ भनि जान्दा जान्दै, छोरा लाई बाबु को ऋण को जिम्मावारी ठहराइने छैन, तर सोझो हिसाब ले, कसो भने, बाबु ले छोरा लाई तालिम गराई कोही असल दर्जा र लाभ हुने उद्यम मा गरि खाने तुल्याये पछि आफु चैं गरिबी हालत मा मरण भयो र केहि दौलथ न छोड़ी गये को भये ता पनी, छोरा ले, आफ्ना भन्दा बरी कमाई का पांचवां हिस्सा परसारि ५ अर्थात्, (अथवा) छ भन्दा मा, बाबु ले खायाा को ऋण चुक्ता गर्नु सकने भन्दा बेशी छैन भने, त्यो ऋण तिर्ने पर्छ, छोरा

गर्ने पर्ने छन र सबै लगाउने खाने छन भने सबैले त्यो ऋण तिर्नु पर्ने छ।

(ग) छोरा हरूले मात्रै माथी जनाए का अनुसार ले मर्न्याको ऋण तिर्नु पर्यो छ, अरु कोही नाता गोता ले छैन, चाहे छोरी होस चाहे स्वास्नी होस, चाहे दाज्यु भाई होस चाहे भतिज्जो होस अथवा दिदी बैनी होस, उनी हरु ले मर्न्या बाट धन सम्पत्ति पाये को भये तिर्नु पर्छ, तेस मा पनी जति पाये का छन तेति सम्म मात्रै।

५. ऋण बाबत मा कैद हुँदैन, तर उमेर पुग्या को ऋणाहा भेल भरि खेल गरि तिर्नु सामर्थ हुन्दा पनि तिर्दिन भने तेस्ता लाई अदालथ ले आफ्ना भ्यालखाना मा थुन्नु सकछ। यस बाबत मा तिन महिना देखिन उभो मियाद दिनु हुँदैन, र यस्ता कैदी ले थुनुवा पर्या भनि तिर्नु पर्ने ऋण बाट छुट्टि पाउँदैन।

६. अदालथ मा कारवाई मुलतबी रहे बाहेक, खास गरि ३ बर्ष गुज्रिये पछि डिग्री रद्दी हुन्छ।

७. तल लेखिये का चिज बौजु छोडी ऋटणाहा को उस्को आफ्नु निज को जति रुपैयाँ पैसा र भर भिथि सबै कुर्की गरि डिग्री तिर्नु निमित्त लिलाम हुनु सकछ।

कुर्की न हुने थोक जति तल लेखिये का छन।

(क) ऋणाहा र उसकी स्वास्नी बाल बच्चा हरु को चाहिन्दो ओढ्न ओछ्याउने र लगाउने लुगा फाटा कुर्की हुँदैनन्।

(ख) कम्मी को हतियार र ऋणाहा गृहस्थी हो भने उस्को हलो कोदालो, बिउ र एक हल देखीन दुई हल सम्म हल गोरु अनि उस्को जहान बाल बच्चा लाई अर्को बाली न पाकुन ज्येल सम्म खानु का लागी चाहिये को अन्न कुर्की हुँदैन।

(ग) कच्चा घर का साज बाज र गृहस्थी ले बनाये का अर्थात बस्या का घर हरु कुर्की हुँदैनन्

(घ) भार भिर्दि गर्दा १००) रु: भन्दा ज्यास्ती दैन भने माझी को एउटा नाउ, जलहरी को जाल र गाडीवान को एउटा गाडी र एक हल गोरु कुर्की हुँदैन ।
(ङ) कुल्ली र घर को नौकर को रोज वा तलप कुर्की हुँदैन ।
(च) तल जनाय का खुराकी, बकसनी पेन्सन, तलप अनि भत्ता कुर्की हुँदैन ।

(१) सरकार बाट जंगी, सीभील र पोलिटिकल को पेन्सन पाउने हरु कन बकस्या को खुराकी या बकसनी कुर्की हुँदैन ।

(२) सरकार, खानी कम्पनि, र अरु २ सिक्किम का अधिकारी गण का कर्म्मचारी को तनखा तल जनाय का हिसाब ले कुर्की गर्नु सकिन्छ ।
(अ) १०) देखिन ५०) रु: तक मैन्हा वारी तलप छ भने पांचौं हिस्सा मा एक हिस्सा कुर्की हुन्छ ।
(आ) ५०) देखिन १००) रु: तक मैन्हा वारी छ भने चौथा हिस्सा मा एक हिस्सा कुर्की हुन्छ ।
(इ) १००) रु: देखिन उभो मैन्हा वारी छ भनै तिसरा हिस्सा को एक हिस्सा कुर्क हुन्छ ।

(३) जंगी कानून (*Indian Articles of War*) लागने मानीस हरु का तलब र भत्ता कुर्की हुँदैन ।

(४) कोहि मत्ता सिक्किम का महाराजा र कौन्सिल बाट अरुसा बाबत मा कुर्की या लिलाम बाट माफ भयो भनि जाहिरि भयो छ भने कुर्की हुँदैन ।

(५) खेत र कुनिउ मा भया को अन्न अटशाहा र उसको अहान बाल बच्चा का वास्ते एक बर्ष सम्म मनग्गे खानु लाई र आउदो साल को बिउ को लागि पुग्ने तक कुर्की हुँदैन । तर बस्ती वाला ले खाये का जिमिन को बाकि खजना बाबत को डिग्री हो भने त्यस जगह को उपजनी सबै कुर्की हुन्छ ।

———:०:———

# ऋणी मामला को नियमावली ।

—:0:—

(१) देवानी बादी मा फरक फरक यति सांऊ यति सुद र जम्मा दाबी यति भनि साफ साफ जनाउनु पर्छ अनि त्यो दाबी लाई साध्ने कागज पत्र साथै पेश गर्नु पर्छ ।

(२) त्यस पछि अदालथ ले दुवै थरि का मान्छे हरू आफ्ना आफ्ना शाक्षी लीइ आउनु सकने हिसाब ले तारिक ठहराई दी कन समन निकालि दिनु पर्छ ।

(३) त्यस पछि अदालथ ले प्राव्दी ले बके को सुनि राई दिन्छ । दाबी गर्न्या ले डिग्री पाये छ भने सांऊ यति, सुद यति र खर्चा पर्नि छ रैछ भनै यति दिया गयो अनि यति दिन भित्र डिग्री को रुपैया तिर्नु पर्छ भनि अदालथ ले खुलाशा सित अवश्य जनाई दिनु पर्ने छ । त्यस पछि रीन ले दिया तक को भर भिराई चुक्त गर्नु पर्छ ।

(४) कुर्की र लिलाम गरिने हुकुम नामा अड्डाह को जिम्मिदार (काजी ठीकादार इत्यादि) लाइ जारी गर्नु को लागी पठाउनु न मा पुलिस द्वारा जारी गराउनु । अगर यो जारी नामा निकालने अदालथ जमिन्दार आफै हो भनै आफै ले जारी गरे हुन्छ ।

(५) पोलीटिकल अफसर अर्थात महाराजा का हजुर मा अपील चढाय छ भने र उन का अदालथ को मर्जी भो भने अपील फैसला न हुन जेल सम्म डिग्री लाई जारि गराउनु बार थामनु भन्ने हुकुम बकस्या जाने छ ॥

—x:0:x—

৮
১৪
১৫) ১২৬ (৭।।।
১১৫
২১৪

১৪
৯৫

১২২৬
১৫
৯৬

৫।।
৬
১৩।।

১৪
৮
১৫) ১২৬ (৭।।।
১১৫
১৪
৫।।।
৬
১৩।।।

१४
६

८४
१४

६
१४

२४
६

१५) ८४ (५।।।
८०

४

१०।।।

सा काली का मोत बखन.
कोनाम हूँ को [illegible]

८०
४३
१०७
४१

२७१